फेदीखोला गाउँपालिका

स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❒खण्ड ७ ❒संख्या ८ ❒२०८०/१२/२३

गाउँ कार्यपालिकाबाट पारित : २०८०/१२/१९
प्रमाणिकरण : २०८०/१२/२१

भाग २

फेदीखोला गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८०

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

प्रस्तावना:

विभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरुको कारण फेदीखोला गाउँपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्न, गर्भवती र सुत्केरीहरुलाई सेवा दिने उद्देश्यले हाल फेदीखोला गाउँपालिकाको मातहतमा राखी संचालनमा ल्याउने सन्दर्भमा यसको व्यवस्थित संचालन व्यवस्थापन र दिगोपनका लागि छुट्टै कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले **फेदीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४** को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको निर्देशिका बनाई लागू गरेको छ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "फेदीखोला गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ।

(ख) "ऐन" भन्नाले फेदीखोला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले फेदीखोला गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "गाउँसभा" भन्नाले फेदीखोला गाउँ कार्यपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(ङ) "अध्यक्ष" भन्नाले फेदीखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(च) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनुपर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिलाई सम्झनुपर्दछ।

(ज) "कर्मचारी" भन्नाले फेदीखोला गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँदछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(ञ) "स्वास्थ्य उपशाखा प्रमुख" भन्नाले फेदीखोला गाउँपालिकाको स्वास्थ्य उपशाखाको प्रमुखलाई जनाउँदछ।

(ट) "तोकिए" बमोजिम भन्नाले समितिले निर्णय गरी तोकिदिए बमोजिम सम्झनु पर्दछ।

(ठ) "कोष" भन्नाले दफा १० बमोजिमको कोष सम्झनु पर्दछ।

(ड) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ।

(ढ) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ।

(ण) "सेवाग्राही" भन्नाले एम्बुलेन्स सेवा आवश्यक भएको व्यक्तिलाई सम्झनु पर्दछ।

परिच्छेद- २

एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

३. **उद्देश्य:** यस निर्देशिकाको प्रमुख उद्देश्य यस गाउँपालिका क्षेत्र भित्र र नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्था सम्म पुऱ्याउने तथा यसको विश्वसनियता साथै प्रभावकारिता वृद्धि गरी दिगो र भरपर्दो सेवा संचालन गर्नु रहेको छ।

४. **छनौट र प्राथमिकता:** (१) एम्बुलेन्सको उपयोगका लागि गाउँपालिका क्षेत्र भित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानीय तहका सेवाग्राहीहरुलाई लिने सेवा शुल्क फरक हुने गरी समितिले तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क लिँदा सेवाग्राहीको स्थायी ठेगानालाई प्रमुख मानिनेछ।

५. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति:** (१) एम्बुलेन्स सेवा संचालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारिहरु रहेका एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) गाउँपालिकाको उपाध्यक्ष	अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेका अधिकृतस्तरका कर्मचारी	सदस्य
(ग) एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडा अध्यक्ष	सदस्य
(घ) कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले चयन गरेको दुईजना	सदस्य
(ङ) वित्तीय व्यवस्थापन शाखा प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी	सदस्य
(च) स्वास्थ्य उपशाखा प्रमुख	सदस्य-सचिव

(२) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नका लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य प्रकृया समितिले तोके बमोजिम हुनेछ।

(५) समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ।

(६) समितिले सर्वसम्मत निर्णय गर्नुपर्नेछ। सर्वसम्मत रुपमा निर्णय हुन नसकेमा बहुमतको आधारमा निर्णय गर्न सकिनेछ।

६. **समितिको काम, कर्तव्य र अधिकार:** (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचार संहिता लागु गराउने। बारम्बार आचार संहिता उल्लघंन गरेमा आवश्यकता अनुसार प्रचलित कानून बमोजिमको प्रकृया अगाडी बढाउने।

(ग) एम्बुलेन्स सेवामा आइपरेका समस्याहरुको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्स संचालन गरे बापत लिइने सेवा शुल्क दफा १० बमोजिम हुनेछ र आवश्यकतानुसार सेवा शुल्कमा परिमार्जन गर्न सकिनेछ।

(ङ) एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने। साथै यस गाउँपालिकामा बसोबास गर्ने सेवाग्राही, यस गाउँपालिका अन्तर्गतका कार्यलयहरुमा कार्यरत कर्मचारी, गर्भवति तथा सुत्केरी, अपांगता भएका, गरिबी परिचयपत्र प्राप्त गरेका लगायत विशेष संरक्षण प्राप्त व्यक्तिलाई विशेष छुट दिने/नदिने भन्ने विषयमा स्वास्थ्य उपशाखा प्रमुखको सिफारिसमा गाउँपालिका अध्यक्षसँग समन्वय गरी निर्णय गर्ने।

(च) एम्बुलेन्स संचालन तथा व्यवस्थापन गर्नका लागि आवश्यकतानुसार एक उपसमिति गठन गर्न सक्ने।

(छ) उपदफा १ (च) बमोजिम उपसमितिको काम, कर्तव्य र अधिकार निर्धारण गर्न सक्ने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाहको स्थितिको अद्यावधिक विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र तोके बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेस गर्नुपर्नेछ।

परिच्छेद-३

कर्मचारी सम्बन्धी व्यवस्था

७. **कर्मचारीको नियुक्ति:** (१) एम्बुलेन्स संचालनका लागि एक जना चालक (हलुका सवारी चालक प्रथम तह वा सो सरह) करार सेवामा भर्ना गरिनेछ। एम्बुलेन्स चालक पदमा स्थायी नियुक्ति गरिने छैन। साथै बिरामीलाई अस्पतालसम्म पुऱ्याउँदा प्रत्येक सिफ्टमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको कार्यालयले प्रचलित कानूनको रित पुऱ्याई गर्नेछ।

८. **पारिश्रमिक तथा सेवाका सर्तहरु:** (१) एम्बुलेन्स चालकले क्रमशः हलुका सवारी चालक प्रथम तहको स्थानीय तहको कर्मचारीले पाए सरहको तलब पाउनेछ।

(२) एम्बुलेन्स चालकले उपदफा (१) बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स संचालन भएको अवधिमा रात्रीकालिन सेवा (राति १०:०० बजे देखि बिहान ४:०० बजे सम्म) प्रदान गर्दा दुरी अनुसार प्रति ट्रिप रु. ५००/- देखि रु. ७००/- का दरले थप भत्ता पाउनेछ। साथै सो अवधिमा एम्बुलेन्समा सवार भई सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई प्रति दिन रु. ५००/- देखि रु. ७००/- का दरले भत्ता प्रदान गरिनेछ। रात्रीकालिन सेवा प्रदान गरेको अवस्थामा ४८ घण्टा भित्र स्वास्थ्य उपशाखा प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष लिखित जानकारी गराउनु पर्नेछ।

(३) एम्बुलेन्स चालकको तलब, भत्ता तथा अन्य सुविधा सम्भव भएसम्म एम्बुलेन्स संचालन कोषबाट व्यहोरिने छ। यदी कोषमा भएको रकम अपुग भएमा गाउँपालिकाले छुट्टै बजेट विनियोजन गर्न सक्नेछ।

(४) चालकको रु. पाँच लाखसम्मको दुर्घटना बीमा गरिनेछ। बीमाको प्रिमियम बापतको रकम सम्भव भएसम्म कोषबाट व्यहोरिनेछ।

(५) चालकले अनुसूची-१ बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ।

९. **अवकाश दिन सकिने:** (१) आफ्नो पदको जिम्मेवारी पुरा नगरेको र आचार संहिता पालना नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बखत पदबाट अवकाश दिन सकिनेछ।

परिच्छेद-४

सेवा र शर्त सम्बन्धी व्यवस्था

१०. **सेवा शुल्क तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था:** (१) सेवाग्राहीहरूले एम्बुलेन्स सेवा प्रयोग गर्दा लाग्ने सेवा शुल्क तपशिल बमोजिम हुनेछ:

फेदिखोला गाउँपालिका वडा नं. १ अर्न्तगत

१) सर्केटारी, पर्सेभाटी , कुभिण्डे देखि पोखरा, कास्की सम्म	रु. १,२००।
२) अलैचीबारी, ढाडा देखि पोखरा	रु. १,३००।
३) डाँडागाउँ, कटुजेश्वाँरा देखि पोखरा	रु. १,४००।
४) रामकोट देखि पोखरा	रु. १,५००।
५) दामगाडे, साल्मे देखि पोखरा	रु. १,८००।
६) उपल्लो कुडुले देखि पोखरा	रु. १,७००।
७) चाउकेश्वाँरा, खडकागाउँ, विर्ता देखि पोखरा	रु. १,७००।
८) स्याउली बजार, मट्टीखान देखि पोखरा	रु. २,०००।
९) अयरपानी, भिरस्वाँरा, नैखु देखि पोखरा	रु. २,२००।
१०)चारघरे, ढ्वाडे देखि पोखरा	रु. १,८००।

फेदिखोला गाउँपालिका वडा नं. २ अर्न्तगत

१) वडाचौर देखि पोखरा	रु. २,०००।
२) लाङखोरिया, खहरे देखि पोखरा	रु. २,५००।
३) तल्लो खडकेटारी देखि पोखरा	रु. १,९००।
४) माथिल्लो खड्केटारी देखि पोखरा	रु. १,९००।
५) विरुवा, आलेछाप देखि पोखरा	रु. २,०००।
६) विरुवा, दमैगाउँ, काउले देखि पोखरा	रु. २,०००।
७) मिरुडाँडा देखि पोखरा	रु. १,९००।
८) देउराली देखि पोखरा	रु. ३,०००।
९) वाहटारी देखि पोखरा	रु. २,०००।
१०)चनौटे देखि पोखरा	रु. १,७००।
११)स्थानचौर देखि पोखरा	रु. १,६००।
१२)कुखुरेखोला, गौतमडाँडा देखि पोखरा	रु. १,६००।
१३)फेदीखोला वजारदेखि पोखरा	रु. १,६००।
१४)सार्ईडाँडा,लामीश्वाँरा देखि पोखरा	रु. २,०००।
१५)तल्लो कुडुले देखि पोखरा	रु. १,५००।
१६)गदले खोरिया देखि पोखरा	रु. १,८००।

फेदिखोला गाउँपालिका वडा नं. ३ अर्न्तगत

१) खोला खेत देखि पोखरा	रु. २,२००।
२) पुलको मुख देखि पोखरा	रु. २,०००।
३) ठूलश्वाँरा देखि पोखरा	रु. १,९००।

४) साउथर देखि पोखरा	रु. १,८००।
५) आँपको बोट देखि पोखरा	रु. १,४००।
६) काउले देखि पोखरा	रु. १,८००।
७) भण्डारीडाँडा देखि पोखरा	रु. १,७००।
८) अधिकारी डाँडा देखि पोखरा	रु. १,७००।
९) पारीकावारी देखि पोखरा	रु. १,७००।
१०)डाँडाथोक देखि पोखरा	रु. १,८००।
११)ठूलडिही देखि पोखरा	रु. १,८००।
१२)गहते देखि पोखरा	रु. २,२००।
१३)पातीहाल्ना देखि पोखरा	रु. २,२००।
१४)माथिल्लो छाप देखि पोखरा	रु. २,५००।
१५)तल्लो छाप देखि पोखरा	रु. २,२००।
१६)दम्लाक वाँसटारी	रु. २,०००।
१७)रुम्टा देखि पोखरा	रु. २,०००।
१८)थाउनेडाँडा देखि पोखरा	रु. २,०००।

फेदिखोला गाउँपालिका वडा नं. ४ अर्न्तगत

१) टुटे देखि पोखरा	रु. ४,०००।
२) खामहाले देखि पोखरा	रु. ४,०००।
३) रापु देखि पोखरा	रु. ३,०००।
४) गल्याम देखि पोखरा	रु. ३,०००।

५) गौराहपट्टी छपालीथोक, सुवेदीथोक देखि पोखरा	रु. २,०००।
६) शेरबजार देखि पोखरा	रु. १,६००।
७) टोड्के देखि पोखरा	रु. २,०००।
८) वडाचौर देखि पोखरा	रु. १,३००।
९) भाटश्वाँरा, कल्याहा देखि पोखरा	रु. १,६००।
१०)जोगीथोक, ठुलाखेत देखि पोखरा	रु. १,४००।
११)लप्सीबोट, पौवा देखि पोखरा	रु. १,५००।

फेदिखोला गाउँपालिका वडा नं. ५ अर्न्तगत

१) नुनठेक देखि पोखरा सम्म	रु. ३,५००।
२) फडके देखि पोखरा सम्म	रु. ३,०००।
३) समरेस देखि पोखरा सम्म	रु. २,५००।
४) भगवती टोल देखि पोखरा	रु. ३,०००।
५) नौवुजा टोल देखि पोखरा	रु. ३,०००।

स्याङ्जा जिल्ला अन्तर्गत

१) फेदीखोला बजार देखि आँधिखोला गाउँपालिकाको केन्द्र सम्म	रु. १,५००।
२) फेदीखोला बजार देखि पुतलीबजार नगरपालिकाको केन्द्र सम्म	रु. १,५००।
३) फेदीखोला बजार देखि भिरकोट नगरपालिकाको केन्द्र सम्म	रु. २,५००।
४) फेदीखोला बजार देखि अर्जुनचौपारी गाउँपालिकाको केन्द्र सम्म	रु. ३,०००।
५) फेदीखोला बजार देखि वालिङ नगरपालिकाको केन्द्र सम्म	रु. ३,५००।
६) फेदीखोला बजार देखि बिरुवा गाउँपालिकाको केन्द्र सम्म	रु. ४,०००।
७) फेदीखोला बजार देखि गल्याङ नगरपालिकाको केन्द्र सम्म	रु. ५,०००।

८) फेदीखोला बजार देखि हरिनास गाउँपालिकाको केन्द्र सम्म रु. ६,०००।

९) फेदीखोला बजार देखि चापाकोट नगरपालिकाको केन्द्र सम्म रु. ७,०००।

१०)फेदीखोला बजार देखि कालिगण्डकी गाउँपालिकाको केन्द्र सम्म रु. ८,०००।

माथि उल्लेखित गाउँपालिका/नगरपालिकाको केन्द्र बाहेक अन्य स्थानसम्म पुग्नुपरेको अवस्थामा दुरी अनुसार रु. ५०० देखि १,५०० सम्म थप भाडा लाग्नेछ।

अन्य स्थानहरुका लागि

१) फेदीखोला गाउँपालिका देखि काठमाडौं, ललितपुर र भक्तपुर सम्म रु. १७,०००।

२) फेदीखोला गाउँपालिका देखि भरतपुर, चितवन सम्म रु. १३,०००।

३) फेदीखोला गाउँपालिका देखि बुटवल सम्म रु. १०,०००।

४) फेदीखोला गाउँपालिका देखि पाल्पा सम्म रु. ८,०००।

माथि उल्लेखित स्थान बाहेक अन्य स्थानसम्म पुग्नुपरेको अवस्थामा दुरी अनुसार रु. ५०० देखि २,००० सम्म थप भाडा लाग्नेछ।

(२) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख, नियन्त्रण खाता गाउँपालिकामा राखिनेछ।

(३) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ।

(४) सेवा शुल्क वापत लिइने रकम/भाडा दर देखिने ठाउँमा टाँस गरिनेछ।

(५) एम्बुलेन्स मर्मत संभार खर्च सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१०. एम्बुलेन्स संचालन कोष: (१) एम्बुलेन्सको नियमित मर्मत संभार तथा एम्बुलेन्स जनशक्तिको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित संचालनलाई सुनिश्चत गर्न छुट्टै एक एम्बुलेन्स संचालन कोष खडा गरिनेछ।

(२) उपदफा (१) बमोजिम खडा गरिने एम्बुलेन्स संचालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछः

(क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवा शुल्क वापतको रकम,

(ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा वापत प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्बुलेन्स संचालनका लागि प्राप्त रकम,

(घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान वा सहयोग रकम आदी।

११. **कोष संचालन र उपयोग**: (१) एम्बुलेन्स संचालन कोष प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र वित्तीय व्यवस्थापन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ।

(२) कोषमा जम्मा भएको रकम एम्बुलेन्सको संचालन, नियमित मर्मत संभार, एम्बुलेन्स जनशक्तीको तलब, भत्ता लगायतका सुविधा तथा समितिको बैठक भत्ता तथा खाजा खर्चका लागि समेत प्रयोग गरिनेछ।

परिच्छेद -५

विविध

१२. **लेखा र लेखा परिक्षण**: (१) एम्बुलेन्स संचालन कोषको आम्दानी र खर्चको लेखा प्रचलित कानून अनुरुप राखिनेछ।

(२) कोषको आम्दानी र खर्चको हिसाब महालेखा परिक्षकको कार्यालयबाट खटिने लेखापरिक्षकबाट सालबसाली रुपमा लेखापरीक्षण गराइनेछ।

१३. **विवादको समाधान**: (१) एम्बुलेन्स संचालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समितिले सम्बन्धित पक्षहरु सँग छलफल गरी समाधान गर्नेछ।

(२) उपदफा (१) बमोजिम छलफलबाट सामाधान हुन नसकेमा समितिको प्रस्तावमा गाउँ कार्यपालिकाको बैठकमा पेस गर्नुपर्नेछ।

१४. **भाडामा दिन सकिने:** (१) गाउँपालिकाले आवश्यकतानुसार कुनै व्यक्ति वा संस्था मार्फत एम्बुलेन्स संचालन गर्न समितिको बैठकले निर्णय गरी एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम एम्बुलेन्स भाडामा दिँदा प्रतिदिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरू समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) भाडामा दिने सम्झौता अनुसूची-२ बमोजिम हुनेछ।

१५. **निर्देशिकामा संशोधन:** यस निर्देशिकामा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ।

१६. **प्रचलित कानून बमोजिम हुने:** यस निर्देशिकामा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. **एम्बुलेन्स रहने स्थान:** एम्बुलेन्स फेदीखोला गाउँ कार्यपालिकाको कार्यालयको हातामा रहनेछ।

१८. **विविध:** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची-३ बमोजिम हुनेछ।

(२) एम्बुलेन्समा सवार बिरामी र बिरामीका आफन्तको बीमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(३) एम्बुलेन्स मर्मत संभार सम्बन्धी अभिलेख अनुसूची-४ बमोजिम हुनेछ।

(४) दैनिक/मासिक/वार्षिक सेवाको विवरण अभिलेख **राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८** को अनुसूची-१४ बमोजिम राखिनेछ।

अनुसूची-१
(दफा ८ उपदफा ५ सँग सम्बन्धित)

चालकले पालना गर्नुपर्ने आचारणहरु

क) एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख, संरक्षण गर्ने र एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ।

ख) एम्बुलेन्स संचालन भएको अवधि र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने।

ग) एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने।

घ) एम्बुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने।

ङ) एम्बुलेन्स संचालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने।

च) एम्बुलेन्सको दुर्घटना बीमा बनाउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको वित्तीय व्यवस्थापन शाखामा समयमै जानकारी गराउने।

छ) एम्बुलेन्स संचालनमा लैजानु पूर्व एम्बुलेन्सको अवस्था चेकजाँच गरी निकासा भएको अवस्थामा शुल्क वापतको रकम गाउँपालिकामा दाखिला भए नभएको एकिन गर्ने।

ज) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाईने छैन। यदि मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाईएको पाइएमा जुनसुकै बखत आवश्यक कारवाही गरिने छ।

झ) बिरामी, कुरुवा र सेवाग्राहीहरुलाई दुर्व्यवहार गर्न पाईने छैन। उनीहरुलाई मिलनसार व्यवहार गर्नु पर्नेछ।

ञ) सेवाग्राहीहरुलाई गन्तव्य स्थान भन्दा बीच स्थानमै छोड्न पाइने छैन यदि प्राविधिक कारणले एम्बुलेन्स बिग्रिएमा सकेसम्म अन्य कुनै वैकल्पिक व्यवस्था गरी सम्बन्धित स्थान सम्म पठाउने व्यवस्थाका लागि सहयोग गर्नुपर्नेछ।

ट) एम्बुलेन्स संचालन सम्बन्धमा समिति र प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशनहरुको पालना गर्ने।

ठ) प्रचलित कानून बमोजिम प्रतिबन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने।

ड) निम्नानुसारको करार सम्झौतापत्र लागू हुनेछ।

म.....स्थायी ठेगाना.....भई हाल..... ....मा बसोबास गर्ने ना.प्र.नं..... तथा सवारी चालन प्रमाणपत्र नं..... ले माथी उल्लेखित आचारसंहिता अध्ययन गरेको छु। यस फेदीखोला गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रूपमा पालना गर्नेछु भनी सहमती जनाई सहिछाप गरेको छु।

चालकको
नामः
दस्तखतः
मितिः

रोहवरमा प्रमाणित गर्ने
नामः
दस्तखतः
मितिः
कार्यालयको छापः

अनुसूची २

(दफा १४ उपदफा ३ सँग सम्बन्धित)

भाडामा लिने दिने सम्झौता पत्र

फेदीखोला गाउँपालिका (जसलाई पछि प्रथम पक्ष भनिनेछ) र ..... बस्ने श्री..... (यस पछि दोस्रो पक्ष भनिनेछ) बीच स्याङ्जा जिल्ला ..... गाउँपालिका वडा नं. ..... मा एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्बुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न कुराहरुको शर्तहरु दुबै पक्ष पूर्ण रुपमा गर्न मञ्जुर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौँ दियौँ।

शर्तहरु:

१. एम्बुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री ..... ले एम्बुलेन्स भाडामा लिँदा एम्बुलेन्स संचालनमा आएपछि प्रति दिन रु ..... का दरले प्रथम पक्षलाई तिर्ने गरी भाडामा प्रयोग गर्नु पर्नेछ।

२. यो सम्झौता मिति २०..... गते देखि २०..... गते सम्म लागू हुनेछ।

३. सम्झौता अवधि भन्दा बढी समय एम्बुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिनेछ ।

४. दोस्रो पक्षले एम्बुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधिको सम्पूर्ण रकम फेदीखोला गाउँपालिकाको कार्यालयमा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।

५. दोस्रो पक्षले एम्बुलेन्स संचालनमा ल्याउने सम्झौता अवधिभर चालकलाई बस्ने बासको व्यवस्था गरिदिनु पर्नेछ।

६. एम्बुलेन्स संचालन अवधिमा एम्बुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोस्रो पक्षले नै गर्नेछ।

७. यो सम्झौता सम्पन्न भई एम्बुलेन्स दोस्रो पक्षले जिम्मा लिईसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सोको पूर्ण जिम्मेवारी दोस्रो पक्षले नै लिनु पर्नेछ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्बुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोस्रो पक्षले दैनिक रु..... का दरले प्रथम पक्षलाई थप हर्जना तिर्नु पर्नेछ।

९. एम्बुलेन्स प्रयोग गरे वापत कुनै सरकारी कर तिर्नु पर्ने भएमा दोस्रो पक्षले नै तिर्नु पर्नेछ ।

भाडामा लिने व्यक्ति/संस्थाको तर्फबाट

कार्यालय को तर्फबाट

नामः

ठेगानाः

दस्तखतः

नामः

ठेगानाः

दस्तखतः

अनुसूची- ३

(दफा १८ को उपदफा १ सँग सम्बन्धित)

- First Aid का सामानहरू
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरूरी परेमा राख्न सकिने दसवारी साधन
- IV Injection दिन सकिने व्यवस्था
- Stretcher Cum Board
- Stethoscope, B.P. Apparatus, Torchlight
- Driver with basic training in first aid and emergent medicine

अनुसूची-४

(दफा १८ को उपदफा ४ सँग सम्बन्धित)

एम्बुलेन्स मर्मत संभार सम्बन्धी अभिलेख

मिति	मर्मत खर्चको विवरण			जम्मा खर्च	मर्मत कम्पनी	कैफियत
	सामान	ज्याला	लुब्रिकेन्टस			

सिफारिस गर्ने: चालक

रुजु गर्ने: जिन्सी शाखा

प्रमाणित गर्ने: स्वास्थ्य शाखा प्रमुख

स्वीकृत गर्ने: प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले

विष्णु प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत